## अमेरिका इरान युद्ध संसारको लागि घातक



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com
(२)



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६१ ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - १०६ ❑ २०८३ वैशाख ०१ गते मंगलबार ❑ Tuesday, 14 April 2026 ❑ मूल्य ७ /-


## ओलीको पित्तथैलीको शल्यक्रिया

**काठमाडौं/** नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको पित्तथैलीमा रहेको ढुंगा निकालिएको छ ।

डा. पलेस्वाँ जोशी लाखे नेतृत्वको टोलीले ओलीको शल्यक्रिया गरेर पित्तथैलीमा रहेको ढुंगा निकालेको हो । पित्तथैलीमा रहेको ढुंगा २२ एमएमको रहेको चिकित्सकहरूले बताएका छन् ।

नयाँ सरकार गठन भएको भोलिपल्ट नै ओलीलाई जेनजी आन्दोलनमा दमन गरेको आरोपमा पक्राउ परेका थिए । थुनामुक्त भए पनि पक्राउ परेको दिनदेखि नै उनी त्रिवि शिक्षण अस्पतालमा भर्ना भएका र त्यही रहिरहेका छन् ।

## सहकारीको वचत फिर्ता शुरु

**ईटहरी/** इटहरीमा रहेको समस्याग्रस्त अम्बे कोशी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका साना बचतकर्ताले बचत फिर्ता पाउन थालेका छन् । कोशी प्रदेश सरकारले गठन गरेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले २० हजार भन्दा कम बचत भएका सदस्यहरूको बचत फिर्ता गरेको हो ।

समितिका अध्यक्ष भरतबहादुर थापाका अनुसार, २० हजार रुपैयाँभन्दा कम बचत भएका बचतकर्ताहरूलाई प्राथमिकतामा राखेर बचत फिर्ताको प्रक्रिया सुरु भएको हो । उनका अनुसार, २८७ साना बचतकर्ताको २८ लाख ५७ हजार रुपैयाँ बचतकर्ताको बैंक खातामा पठाइएको छ ।

समस्याग्रस्त अम्बे कोशी सहकारीको व्यवस्थापनको जिम्मा प्रदेश सरकारले गठन गरेको समितिले लिएपछि सहकारीले लगानी गरेको ऋणमध्ये १ करोड ८७ लाख रुपैयाँ असुल गरेको थियो । सहकारीले असुल गर्नुपर्ने ऋण ४२ करोड ६० लाख भन्दा बढी छ ।

# नयाँ आशा बोकेर उदायो २०८३

पूर्वसन्देश समाचार

दमक/ वि.सं. २०८२ साल नेपाली राजनीतिलाई नयाँ दिशावोध दिएर विदा भएको छ । खास गरि भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको जगबाट उठेको सुनामीले नेपाली राजनीतिको गति र बेगमानै परिवर्तन ल्याई दियो ।

भदौ ९ को मन्त्रिपरिषद् बैठकले 'सामाजिक सञ्जाल प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' बमोजिम ७ दिनभित्र सूचीकृत नभएका समाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेसँगै उठेको आन्दोलन नयाँ जनमतको घोषणा सम्म पुग्यो । सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयका साथै भ्रष्टाचार र बेथितिविरूद्ध भन्दै जेनजी युवाहरूले भदौ २३ गते शुरू गरेको आन्दोलनका क्रममा पहिलो दिन २३ जना युवाको मृत्यु भयो । त्यसको भोलि पल्ट भदौ २४ गते आक्रोशित आन्दोलनकारीले संसद् भवन, प्रधानमन्त्रीको कार्यालय सिंहदरबार, सर्वोच्च अदालत, राजनीतिक दलका कार्यालय, नेताहरूको निजी निवास, व्यापारिक प्रतिष्ठान लगायत देशभरका सरकारी कार्यालयमा आगजनी गरी विध्वंस मच्चाए ।

आगजनीको क्रममा थप ५३ जनाको ज्यान गयो । यसरी जेनजी आन्दोलनका कारण २७ घण्टामै नेपालको राजनीति उलटपुलट भयो । छोटो अवधिमा सरकार ढलेको यो नै इतिहासको पहिलो घटना थियो । सडकमा उग्र बनेको आन्दोलन २४ गते राति सेना सडकमा आएपछि मात्र शान्त भएको थियो । भदौ २७ गते राति सेनाको मध्यस्थतामा पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भयो । त्यसै रात कार्की सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधि सभा विघटन गरी फागुन २१ गतेका लागि निर्वाचन घोषणा गरेसँगै देशले नयाँ लिक समातेको हो ।

**नयाँ उदय-पुराना बिलय**

चुनावी सरकार मार्फत फागुन २१ मा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भयो । चुनावी परिणामबाट पुराना दलहरूका लागि असोचनिय परिणाम आयो । जसबाट नयाँ शक्ति रास्वपाको अभूतपूर्व उदय भयो भने ३ दशक भन्दा लामो समय सत्ताको नेतृत्व र साझेदारी गर्दै आएका दलहरू करिव-करिव बिलय भए । केहि त संसदमा उपस्थितिबाट पूर्ण बिलयनै भए ।

चुनावमा उच्च बहुमत अर्थात् १८२ सिट जितेर रास्वपाले कीर्तिमान राख्यो । कांग्रेस ३८, एमाले २५, नेकपा १७, राप्रपा ५ सिटमा सीमित हुँदा मधेसी दलहरु संसदमा उपस्थिति बिहिन हुन पुगे । भर्खर खुलेको श्रम संस्कृति पार्टीले प्रत्यक्ष र समानुपातिक गरी ७ सिट जित्यो । रास्वपाको दाँजोमा कांग्रेस, एमाले र नेकपा सिट संख्या तथा मतको हिसाबले आधासम्म पनि पुग्न सकेनन् । १६५ निर्वाचन क्षेत्रमध्ये अधिकांश क्षेत्रमा पुराना दलहरु प्रतिस्पर्धी नै बन्न सकेनन् । धेरै ठाउँमा पुराना तीन दलको जमानत जफत हुँदा मधेसी दलहरु शून्य भए ।

**युवामय सरकार र संसद**

संसदमा नयाँ शक्तिको बलशाली उदय मात्र भएर संसद युवामय बन्यो । अनि यहि जगमा सरकार समेत युवाहरूको नेतृत्वमा पुग्यो ।

निर्वाचनको अन्तिम परिणाम आएसँगै रास्वपाका वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह चैत १३ गते कम उमेरका जननिर्वाचित प्रधानमन्त्री बन्न सफल भए । अहिले सरकारमा युवाहरूको बाहुल्यता छ । बहुदल पछि निरन्तर संसद र सरकारको नेतृत्व गर्दै आएका नेताहरूलाई विस्थापन गरि बहुदल पछि जन्मिएको पुस्ताले मन्त्रीपरिषद भरिएको छ । संसदको नेतृत्व गर्ने ठाउँमा पनि नयाँ पुस्ताका अनुहार पुगेका छन् । प्रतिनिधि सभाको सभामुखमा रास्वपाका डोलप्रसाद अर्याल निर्विरोध निर्वाचित भए भने उसभामुखमा संसदकै सवै भन्दा कान्छी सांसद, श्रम

बाँकी ४ पेजमा ▸▸

# राष्ट्रिय बहुमुखी सहकारी संस्थामा विशेष कार्यक्रम



**दमक/** दमक ८ मा मुख्य कार्यालय रहेको राष्ट्रिय बहुमुखी सहकारी संस्थाले नयाँ वर्ष २०८३ को शुभकामना आदानप्रदानसहित भित्ते पात्रो लोकापर्ण गरेको छ ।

सोमबार संस्थाको आफनै कार्यालयमा संक्षिप्त कार्यक्रम गरि नयाँ वर्षको एकापसमा शुभकामना साटासाट गर्नुका साथैं गतिविधिमूलक संस्थाले प्रकाशन गरेको भित्तेपात्रोको लोकापर्ण गरिएको हो ।

संस्थाका अध्यक्ष लछुदास राईको अध्यक्षता तथा जिल्ला सहकारी संघ झापाका अध्यक्ष प्रेमकुमार कोइरालाको प्रमुख आतिथ्यतामा एक कार्यक्रमका बीच सहकारीका अगुवा,शेयर सदस्य,कर्मचारीहरूले सामूहिक रूपमा भित्तेपात्रो सार्वजनिक गरे । संस्थाका सदस्य समेत रहेका सूचना तथा सञ्चार प्रकाशन उपसमितिका संयोजक विष्णु सुब्बाले स्वागत मन्तव्य राखेको सो कार्यक्रममा मेची सहकारी संस्थाका व्यवस्थापक तथा मेनेर्जस क्लवका अध्यक्ष खोमप्रसाद वगाले,सहकारीका सल्लाहकारहरू क्याप्टेन बुद्धिवहादुर राई,कृष्ण गोले, शेयर सदस्यहरू गुमानसिंह सम्बाहाम्फे, कमल प्रसाद आङदेम्बे,संस्थाका उपाध्यक्ष टंक दुलाल, सहसचिव फूलसरी राना ,संस्थाका व्यवस्थापक प्रकाश राई लगायतको उपस्थिति

बाँकी ४ पेजमा ▸▸

## प्रधानमन्त्रीको मुख्य आम्दानीको स्रोत सामाजिक सञ्जाल

**काठमाडौं/** सरकार गठनको १७औं दिनमा प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भएको छ । प्रधानमन्त्री कार्यालयले आइतबार साँझ सार्वजनिक गरेको विवरणअनुसार प्रधानमन्त्री बालेन्द्र शाहको खातामा १ करोड ४६ लाख रकम रहेको उल्लेख छ। खातामा मौज्दात रहेको रकम फेसबुक, युट्युब, टिकटक तथा स्पोटिफाइ तथा आइट्युन लगगायतका सामाजिक सञ्जालबाट आम्दानी भएको रकम भएको विवरणमा लेखिएको छ ।




**नव वर्ष २०८३**
**को हार्दिक मंगलमय शुभकामना**

**नव वर्ष २०८३ सालको शुभ अवसरमा समस्त सेवाग्राही, चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, व्यवस्थापन समितिका सदस्य, शुभचिन्तक एवम् सहयोगी महानुभावहरु तथा सम्पूर्ण नेपाली दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।**

**रामकुमार थापा**
(अध्यक्ष)

**डा. कृष्ण प्रसाद साह**
(नि. मेडिकल सुपरिटेन्डेन)

एवम्

**दमक अस्पताल परिवार**
दमक-१, झापा



**दमक अस्पतालबाट प्राप्त गर्ने आधारभूत स्वास्थ्य सेवा तथा विशेषज्ञ सेवाहरु**

ANC Services/परिवार नियोजन सेवा/क्षयरोग सेवा (DOTS)/ एचआइभी/एड्स (ART)/कुष्ठरोग सेवा/उपेक्षित उष्ण प्रदेशीया रोग सम्बन्धी (NTD)/ जनरल मेडिसिन/ स्त्री तथा प्रसुति रोग/ इन्टरनल मेडिसन/ जनरल शल्यक्रिया/ बालरोग/ एनेस्थेसीया/ दन्तरोग/ नाक, कान र घाँटी रोग/ छाला तथा यौन रोग सेवा/ हाडजोर्नी तथा नसा रोग/इमरजेन्सी /बाहिरङ्ग सेवा/अन्तरङ्ग (मेडिकल, सर्जिकल, प्रसुती)/माइनर तथा मेजर ओटी/ल्याब सेवा (इमरजेन्सी ल्याबसहित)/एक्सरे तथा इसिजि/पोष्टमार्टम तथा मर्चरी सेवा/मेडिकोलिगल/फार्मेसी सेवा/ OCMC सेवा/आइसियु सेवा/ एच.डि.यु./मनोचिकित्सक सेवा/प्याथोलोजिष्ट विशेषज्ञ सेवा/निकट भविष्यमा दिने सेवा डायलाइसिस/सिटी स्क्यान सेवा ।

**अस्पतालबाट दिइने विशेष सुविधा**

- बिहान ७ बजेदेखि विरामीको रजिष्ट्रेशन सुरु । ◆ टोकन सिस्टम ।
- आरामदायी प्रतिक्षालय । ◆ नियमित औषधि सेवनका लागि छुट्टै ओपिडी सेवा ।
- जेष्ठ नागरिक, अशक्त, गर्भवती महिलाका लागि पहिलो प्राथमिकतायुक्त टोकन सिस्टम ।
- बिहान ७:३० बजेबाट जेनरल वहिरंग सेवा ।
- समस्या परेमा सहायता कक्षको व्यवस्था साथै छुट्टै रिपोट लिने व्यवस्था ।
- नि:शुल्क परिवार नियोजन, गर्भपतन, प्रसुति सेवा ।
- टिवी, एचआइभी एड्स उपेक्षित उष्ण प्रदेशीया रोग सम्बन्धी, रेबिज सुई, १० वर्ष मुनिका बालबालिकाको नि:शुल्क उपचार ।
- छुट्टै इमरजेन्सी ल्याव सेवाको व्यवस्था ।
- नि:शुल्क पाठेघरको मुखको क्यान्सर जाँच PAP Test - LBC
- विशेषज्ञ डाक्टरहरुद्वारा चेकजाँच तथा शल्यक्रिया । ◆ मोडुलर अप्रेशन थेटर ।
- दमकवासीलाई नि:शुल्क पोष्टमार्टम सेवा । ◆ शव राख्नका लागि मर्चरी सेवा ।
- अण्डर ग्राउण्ड पार्किङ । ◆ अक्सिजन प्लान्ट ।
- प्रत्येक वडामा नि:शुल्क KHDC कार्यक्रम ।
- प्रत्येक ३ महिनामा आवश्यकता हेरी घुम्ती शिविर सेवा ।
- जेष्ठ नागरिक र अपांग 'क' वर्गका लागि घरदैलो कार्यक्रम ।
- आधारभूत स्वास्थ्य केन्द्रहरुमा चिकित्सकीय स्वास्थ्य सेवा कार्यक्रम ।
- गुणस्तरीय मेसिन र दक्ष जनशक्तिबाट २४ सै घण्टा ल्याब सेवा ।

# सम्पादकीय

## नयाँ वर्ष, नयाँ सम्भावनाहरुको वर्ष

नयाँ वर्ष २०८३ शुरू भएको छ । २०८२ साल प्रत्येक व्यक्ति, परिवार, समाज र राष्ट्रका लागि विभिन्न सम्झनाहरू छोडेर विदा भएको छ । खासगरि नेपाली राजनीतिमा २०८२ एउटा नयाँ राजनीतिक मोडका रूपमा दर्ज भएर विदा भएको छ । नयाँ पुस्ताले जिम्मेवारी सम्हालेको वर्षको रूपमा २०८२ देखियो । युवा पुस्ताको आन्दोलन र जनपरीक्षाबाट अनुमोदित एक दलिय सरकारले कार्यभार लिएका कारण पनि नेपाली जनतामा नयाँ वर्षसँगै नयाँ आकांक्षाहरू हुर्किई रहेका छन् । खासगरि सुशासन, विधिको शासन, पारदर्शीता, जवाफदेहीतामा यो सरकार प्रति सगरमाथाझैं अग्ला अपेक्षाहरू छन् । ति अपेक्षा पूरा गर्नु सरकारको जिम्मेवारी पनि हो ।

बितेको २०८२ सालले प्रत्येक व्यक्ति, परिवार, समाज र राष्ट्रलाई विविध अनुभव, संघर्ष र सम्झनाहरु दिँदै विदा भएको छ । विशेषगरी नेपाली राजनीतिमा २०८२ साल एक महत्वपूर्ण मोडका रुपमा स्थापित भएको छ, जसले भविष्यका लागि नयाँ मार्गचित्र तयार गर्ने संकेत दिएको छ । २०८२ सालको सबैभन्दा उल्लेखनीय पक्ष भनेको नयाँ पुस्ताको उदय र शासन प्रकृया तथा व्यवस्थामा सक्रिय सहभागिता हो । युवा शक्तिले आन्दोलन, बहस र जनदबाबमार्फत राजनीतिक परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । यही प्रक्रियाबाट अनुमोदित एकदलीय सरकारको गठन हुनु आफैंमा नयाँ अध्यायको सुरूवात हो । यसले परम्परागत राजनीतिक अभ्यासभन्दा फरक दिशामा जाने संकेत गरेको छ, जसप्रति जनतामा आशा र उत्सुकता दुवै देखिन्छ ।

नयाँ सरकारप्रति जनअपेक्षा असाधारण रुपमा उच्च छन् । सुशासन, विधिको शासन, पारदर्शिता र जवाफदेहिताका क्षेत्रमा सगरमाथाझैं अग्ला अपेक्षाहरु राखिएका छन् । विगतमा देखिएका कमजोरी, भ्रष्टाचार र अस्थिरताबाट आजित जनताले अब व्यवहारमा परिवर्तन देख्न चाहेका छन् । यसर्थ, यी अपेक्षाहरु पूरा गर्नु सरकारको केवल दायित्व मात्र होइन, यसको सफलता र असफलताको प्रमुख आधार पनि हो ।

राजनीतिक स्थिरता अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो । स्थिर सरकार भए मात्र दीर्घकालीन योजना कार्यान्वयन सम्भव हुन्छ । त्यसैगरी आत्मनिर्भर अर्थतन्त्र निर्माण, रोजगारी सिर्जना, उत्पादन वृद्धिलगायतका विषयहरुमा ठोस पहल आवश्यक छ । कृषि, उद्योग, पर्यटन र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर अघि बढ्न सके मुलुकलाई आर्थिक समृद्धिको दिशामा लैजान सकिन्छ ।

यससँगै, विकासका एजेन्डालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पारदर्शी प्रणाली र उत्तरदायी संयन्त्र अपरिहार्य छन् । जनतासँग गरिएको वाचा पूरा गर्न सरकार इमान्दार र प्रतिबद्ध हुनुपर्छ। नागरिकको विश्वास जित्ने एकमात्र उपाय भनेको नतिजामुखी काम र स्पष्ट कार्यशैली हो । २०८३ साल केवल नयाँ पात्रोको सुरूवात मात्र होइन, सम्भावनाहरुको नयाँ ढोका पनि हो । यदि सरकार, राजनीतिक दल र सम्पूर्ण नागरिक समाजले सहकार्य र सकारात्मक सोचका साथ अघि बढ्न सके, यो वर्ष वास्तवमै स्थिरता, आत्मनिर्भरता र समृद्धिको आधार वर्ष बन्नेमा नागरिक आशावादी छन् । अन्त्यमा, नयाँ वर्ष २०८३ को अवसरमा हामी सम्पूर्ण पाठक, विज्ञापनदाता, शुभचिन्त, शुभेच्छुक लगायत देश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति र समृद्धीको हार्दिक मंगलमय शुभकामना ।

# अमेरिका इरान युद्ध संसारको लागि घातक



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

अमेरिका इजरायल र इरान बीच चलिरहेको युद्धको साइड इफेक्ट विश्वव्यापी बन्दै गइरहेको छ । दोस्रो विश्वयुद्धपछि संयुक्त राष्ट्र सङ्घको स्थापनासँगै यूएनओबाट स्वतन्त्र देशको रुपमा पहिलोचोटि मान्यता प्राप्त गरेको इजरायलले त्यसपछिका लामो कालखण्डमा कैयौं पटक प्यालेस्टाइनी इस्लामिक समूहहरूसँग युद्धमा ठूलो संकट बेहोर्दै आफ्नो अस्तित्व लाई जोगाउने भरमग्दुर प्रयास गरिरहेको छ ।

विश्वमा इस्लाम धर्मको अगुवाई गर्ने मुलुकको रूपमा रहेको इरान लगायतका कैयौं इस्लामिक मुलुकहरू इजरायलको ठूलो शत्रुको रुपमा रहँदै आएको देखिन्छ र यस अर्थमा इजरायल र इरान बीचको युद्ध दुईटा देशको बीच युद्ध मात्र नभएर यो दुईटा फरक संस्कृति फरक इतिहास फरक धर्म र फरक सामाजिक प्रणाली बीचको युद्धको रूपमा विश्वभरिका मानव समुदायले अर्थ्याउन थालेका छन् ।

यतिखेर इजरायलका यहुदीहरूलाई आफ्नो अस्तित्व माथि खतराको सायरन बजिरहेको छ। अधिकांश इजराइली नागरिकहरू बंकरभित्र बसेर आफ्नो दैनिकी चलाइरहेका छन् । दिन ,हप्ता, महिना, वर्ष बित्दै युद्ध दिनप्रतिदिन लम्बिदै गइरहेको छ। युद्ध जित्नको लागि यी देशहरुले जस्तोसुकै मानवता विरोधी घटना घटाउन पनि आतुर देखिएका छन् यस्तो अवस्थामा युद्धको पलडा कहिले इजरायलतिर त कहिले इरानतिर ढल्किनुलाई पनि अस्वाभाविक मान्न सकिँदैन तर इजरायल र अमेरिकाले यथार्थमा अपना वरिपरि रहेका छिमेकी इस्लामिक मुलुकहरूसँग अन्तिम युद्ध लड्ने निर्णयका साथ आफ्ना सैनिकहरुलाई युद्धको मैदानमा उतारिरहेका छन्। इजरायललाई सघाउन इजरायलका सबैभन्दा घनिष्ठ मित्र राष्ट्र अमेरिका पनि अहिले इरानको विरुद्ध युद्धमा भाग लिइरहेको अवस्था छ । करिब एक महिनाभन्दा बढी समयदेखि अमेरिकाले इरानमाथि लगातार रुपमा आक्रमण गर्ने कार्यहरू जारी नै राखेका छन् इरानका थुप्रै सैन्य प्रतिष्ठानहरू ध्वस्त भइसकेको छ इरानको अर्थतन्त्र र सुरक्षा संयन्त्रहरु निकै नै कमजोर भइसकेको आकलन सुरक्षा विशेषज्ञहरूको रहेको छ ।

परमाणु सैन्य शक्ति सम्पन्न इजरायल र परमाणु शक्ति सम्पन्न अमेरिकाले इरानलाई कुनै पनि हालतमा परमाणु शक्ति सम्पन्न राष्ट्र बन्न नदिने अभियानमा लागेका छन्। अमेरिकाले इरानभित्रका ठूलोठूलो परमाणु संयन्त्रहरू माथि आफ्ना अत्यन्त शक्तिशाली छेप्यास्त्रहरूको प्रहार गरिरहेको छ । इरानभित्रका ठूलाठूला बंकरहरू फुटाइएका छन्। ईरानी सेनाको सम्पूर्ण सुरक्षा संयन्त्र पूर्णरूपमा ध्वस्त भइसकेको छ। तर पनि इरानी सेनाले आफ्नो मनोबललाई गिर्न दिएको छैन । अमेरिका र इजरायललाई जसरी भएपनि परमाणु शक्तिको प्रयोग गरेर ध्वस्त बनाउने चुनौतीहरू लगातार रुपमा ईरानी सेनाले दिइरहेको छ । इरान छिटै नै परमाणु शक्ति सम्पन्न राष्ट्र बन्न सक्यो भने इजरायल र अमेरिकालाई ठूलो संकट पर्न सक्ने कुरा कसैसित लुकेको छैन । इरानभित्रका परमाणु केन्द्रहरूलाई अमेरिकाले ध्वस्त बनाइसकेको दाबी अमेरिकाली राष्ट्रपतिले ट्रम्पले लगातार गरिरहेका छन् । इरानको जलसेना, थलसेना, र वायुसेनाको कम्मर भाँचि सकिएको छ। इरानले अमेरिकासँग कुनै पनि फ्रन्टमा जित्न सक्दैन भनेर अमेरिकाले लगातार दाबी गरिरहेका छन् ।

इरानमा सबै किसिमका नागरिक प्रशासनहरू समाप्त भइसकेको छ। इरानभित्र हजारौं नागरिकहरू ईरानी सेनाकै गोलीबाट मारिएका छन् । इरानका धार्मिक गुरु अयातुल्ला खोमैनी मारिएपछि लगातार रुपमा इरानका अन्य ठुलाठुला मन्त्रीहरु तथा उच्च पदस्थ सैन्य अधिकारीहरु पनि अमेरिकी सेनाको आक्रमणमा परि मारिएका छन् त्यसको भरपाई कसरी गर्छ त्यसको प्रतिक्रिया हेर्न अझै केही समय कुर्नुपर्ने आवश्यकता छ । तर मुख्य समस्या र सवाल के कुरामा अल्झिएको छ भने इरानको बाटो भएर सबै खाडी मुलुकका देशहरुले आफ्ना पेट्रोलियम पदार्थहरु विकसित र अविकसित देशहरुलाई बिक्री वितरण गर्ने गर्दछन् । उक्त बाटोलाई इरानले बलपूर्वक बन्द गरेर राखेका छन् । इरानको होर्मोज स्ट्रेट भन्ने ठाउँबाट इरान सरकारले अन्य देशहरूका इन्धन बोकेका जहाजहरूलाई निस्किन नदिने नीति अङ्गीकार गरेको हुनाले कुनै देशको जहाज हुर्मुज स्टेटमा देखिने बित्तिकै इरानले छेप्यास्त्र र ड्रोन अट्याक गरी विमानलाई तहसनहस बनाइदिने गरेकोले होर्मोज स्ट्रेटको बाटो भएर तेलका ट्याङ्कर बोकेका जहाजहरू सुरक्षित रूपमा निस्किन पाइरहेका छैनन् । ट्याङ्कर बोकेका कैयौं जहाजहरू लाई ईरानी सेनाले छेप्यास्त्र हानेर ध्वस्त बनाइदिएका छन् ।

ईरानी सरकारको स्वीकृति बेगर कुनै पनि देशले त्यहाँबाट तेलका ट्याङ्करहरू लैजान सक्दैन । त्यसकारणले भारत र नेपाल जस्ता देशहरूको लागि इन्धन समस्या विकराल रूप धारण गर्दै लगिरहेको देखिन्छ । हालसालै अमेरिकाले अब आउने सात दिनमा इरानलाई उठ्नै नदिने गरी ध्वस्त बनाइदिन्छु भनेर पटकपटक धम्कीहरू दिइरहेको बुझिएको छ । इरानी सेनाले बन्द गरेर राखेको हर्मोज स्ट्रेट भएको अन्तर्राष्ट्रिय समुद्री मार्गलाई खुलाउनको लागि विभिन्न देशका मुलुकहरूले शान्ति पूर्ण वार्ता र प्रयासबाट हर्मोजेस्ट्रेट खुला गराउने प्रयासहरूलाई निरन्तरता दिइरहेका छन् । विश्वको इन्धन आयातको करिब ८० प्रतिशत जति इन्धन इरानको स्ट्रेट कै बाटो प्रयोग गरी अन्य विकसित र विकासशील देशहरूमा आयात गराउने गरिन्छ तर अहिलेको अवस्थामा देखिएको मध्यपूर्वको अशान्तिलाई हटाउन नसकिने हो कि भन्ने सम्भावनाहरू बढ्न थालेको छ । इरानकै समुद्री क्षेत्र भए पनि बाँकी दुनियाको लागि हर्मोज स्ट्रेटलाई इरानले बन्द गर्नु उचित होइन यसले विश्वमा अझ सैन्य तनाव बढाउन सक्ने घटनाहरू बढ्न सक्छ भन्ने कुरामा पनि मुलुकहरुले प्रतिक्रियाहरू दिइरहेको पाइन्छन् । युरोपियन मुलुकहरूले त आवश्यक भए संयुक्त रुपमा नै केही देशहरुले मिलेर हर्मोज स्ट्रेटमा रहेका समुद्री जहाजहरुलाई निकाल्ने रणनीति पनि निर्माण गरिरहेको पाइन्छ ।

हर्मोज स्ट्रेटको बाटोलाई अझ भयानक युद्ध गरेर पनि खुलाउनु पर्दछ ,तर यस्ता घटनाहरुले विश्वमा अझ युद्धको आगोलाई दन्काउन मद्दत पुर्याउँछ कि भन्ने सम्भावनालाई पनि इन्कार गर्न सकिँदैन । विश्वका अधिकांश विकास उन्मुख मुलुकहरूमा इन्धनको हाहाकार छ र यी देशहरूमा इन्धनलाई देशको जीवनशक्ति अर्थात् लाइफ इनर्जीको रुपमा प्रयोग गर्ने गरिन्छ । देशभित्र इन्धनको अभाव भयो भने मुद्रास्फिति बढ्न सक्दछ र अर्थतन्त्र एकैचोटी भ्वाम्म परेर लड्न सक्छन् । अन्तर्राष्ट्रिय तेल बजारमा नेपालको स्थिति अत्यन्त नै कमजोर रहेको छ।। अन्तर्राष्ट्रिय रूपमा देखिएको ऊर्जा संकटले नेपाललाई अझ कमजोर बनाइदिन सक्छ। नेपाल सरकारलाई आगामी दिनहरूमा बजेट सञ्चालन गर्न पनि धौधौ पर्न सक्छ। मूल्य वृद्धिका कारणले बजारमा हरेक वस्तुको मूल्य बढेर जनताको क्रय शक्तिलाई घटाउँदै जाने अवस्था सिर्जना हुन सक्दछ त्यसकारणले जसरी भएपनि तेल संकटको विकल्प विकास उन्मुख देशका जनताहरुले खोज्नु पनि जरुरी छ। सरकारले सही समयमा सही विदेश नीतिको प्रयोग गरी देशको जनतालाई ऊर्जा र इन्धन को समस्याबाट उकास्नु आवश्यक छ। अब इरान इजरायल र अमेरिका बीचको युद्धको आगो पश्चिम एसियाबाट अन्यत्रतिर बढ्दै जाने सम्भावनाहरू पनि बढ्दै छन् ।

शत्रु राष्ट्रहरु एक अर्कालाई बलियो शत्रुता भावले शङ्काको दृष्टिले हेरिरहेका छन्। अब इरान इजरायल युद्धमा को जित्ने र को हार्ने भन्ने कुरा प्रासंगिक रहेन। इजरायलसँग आफ्नो यहुदी पहिचान लाई बचाउनुपर्ने र यहुदीहरूको जीवन रक्षा गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ ।

इरानलाई पनि आफ्नो इस्लामिक अस्मिता र पहिचान बचाउनु आवश्यक छ । बाध्यतावश नै इजरायलले प्यालेस्टाइनी आतंकवादी समूह हमासका लडाकुहरू सँग युद्धमा भिर्नुपरेको यथार्थ छ। अन्तर्राष्ट्रिय आतंकवादी संगठनकोरुपमा हमासले विश्वभरि नै आतंक मचाइरहेको परिप्रेक्षमा त्यस्ता संगठनलाई सघाउने इस्लामिक विश्वका अगुवा भनिने इरान ,लेबनान लगायत देशहरूले पनि ठूलो मूल्य चुकाउनु परिरहेको छ । संसारमा शान्तिपूर्वक बाँच्नु छ भने युद्धको विकल्प युद्ध होइन शान्ति नै हो भन्ने कुरालाई सबै मुलुकहरूले स्वीकार गर्नु जरुरी छ । दिन प्रतिदिन युद्धजति जति भयानक हुँदैछ युद्धबाट प्रभावित मानिसहरूको सङ्ख्या बढ्दैछ मानिसहरूको रोजीरोटी सकिँदैछ। गरिबी लाचारी र असहायता बढ्दैछ । अमेरिकाली राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई पाषण युगमा पुऱ्याइदिने जस्ता धम्कीहरूले विश्वका सबैजसो देशहरूलाई अर्थतन्त्र बिग्रिने हो कि भन्ने डर र चिन्ताले सताउन थालेको छ ।

नयाँ बर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा
सम्पूर्ण अभिभावक, शिक्षक, कर्मचारी, शिक्षाप्रेमी तथा शुभेच्छुकहरुमा
सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सिताराम ढकाल
(प्रधानाध्यापक)
श्री सरस्वी मा.वि. परिवार
दमक-झापा

नव वर्ष २०८३
को हार्दिक मंगलमय शुभकामना



नव वर्ष २०८३ सालको सुखद अवसरमा सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरूमा सुख-शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको लागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**जनहितमा जारी सन्देश**

- आफ्नो वडा टोलहरू सफा राखौं ।
- आगलागीका सम्भावित दुर्घटनाबाट बचौं ।
- बालबालिकालाई शिक्षाबाट बञ्चित नगराऔं । यदि सहयोगापेक्षि बालबालिका भए वडा कार्यालयमा सम्पर्क राखौं ।
- बाटामा ढुंगा, गिटी थुपारेर यातायातमा अवरोध नपुऱ्याऔं ।
- निःशुल्क र गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गराऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौं ।

प्रजापति सापकोटा : वडा अध्यक्ष
कृष्णमाया थापा : सदस्य
चन्द्रकला विश्वकर्मा : सदस्य
ललित ब. विश्वकर्मा : सदस्य
छविलाल दुलाल : सदस्य

२ नं. वडा कार्यालय
दमक नगरपालिका
दमक-झापा

नयाँ बर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा
हाम्रा आदरणीय सेवाग्राही, शुभचिन्तक, इष्टमित्र साथै देश-विदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा
सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।

आमा डेन्टल केयर प्रा. लि.
दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक-१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बर: 023-577816

हार्दिक शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा
सम्पूर्ण सेवाग्राही, ग्राहक, शुभेच्छुक तथा
नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रो. केशर बहादुर खवास
एवम्
गौरादह सेकुवा कर्नर, परिवार
गौराहद-१, झापा (पोखरीछेउ)

नोटः ड्रिंगससहित स्वादिष्ट परिकार लागि ग्राहकको मन जित्न सफल एक मात्र सेकुवाकर्नरलाई सदैव सम्झनुहोस् ।

# विभिन्न सम्वत्‌हरुको प्रयोग र मान्यता

**१** अर्ब ९७ लाख वर्ष पहिले सुरू भएको मानिने कल्पाब्द संवत् होस् या १९ करोड वर्ष पहिलेदेखि सुरू भएको मानिने सृष्टि संवत् नै किन नहोस् । यी सवै संवतहरु अहिलेसम्म पनि गणना जारी रहेका संवत्‌हरु हुन् । भारतीय शासक विक्रमादित्यले सुरू गरेको विक्रम संवत् अहिले नेपालको मूल कामकाजी संवत्को रूपमा रहेको छ । सौर्य मासअनुसार मनाइने यो संवत् नेपालमा चन्द्र शमशेरको समयदेखि सरकारी कामकाजमा प्रयोग हुन थालेको हो । आजभन्दा २००० वर्षअघिको सेरोफेरोमा तीन वटा संवत्हरू सुरू भए । ती हुन् ईस्वी, शक र विक्रम संवत् । ती संवत्मध्ये शक संवत् अहिले केवल गणनामा मात्रै सीमित भएको छ भने विक्रम संवत् र ईस्वी संवत् अझै पनि प्रचलनमा छ । त्यसमध्ये इस्वी संवत् भने झनै चर्चित संवतको रूपमा रहेको छ । यहाँ हामी हिन्दु काल गणना अनुसार कल्पाब्ददेखि हालसम्म विकास भएका केही महत्वपूर्ण संवतहरु र नेपाललगायत भारत वर्षबाहिर चल्ने संवतको बारेमा तल उल्लेख गरिएको छ ।

**कल्प सम्वत्** : समयको सबैभन्दा ठूलो एकाई कल्प हो भन्ने हिन्दु मान्यता छ। यही कल्पको सुरुवात भएको सम्झनामा कल्प संवत् मान्ने गरिन्छ।

**सृष्टि संवत्**ः हिन्दु मान्यता अनुसार ब्रह्माले संसारको सृष्टि गरेको समयको स्मरणमा सृष्टि संवत् मान्ने गरिएको बताइन्छ। यो नेपाल र भारत लगायत अन्य मुलुकमा पनि हिन्दुहरूले मान्ने संवत् हो।

**श्रीकृष्ण संवत्**ःश्री कृष्णको कालदेखि सुरु भएको संवत्को रूपमा श्री कृष्ण संवत् मान्ने गरिन्छ।

**युधिष्ठिर संवत्** : महाभारतका योद्धा युधिष्टिरको निधन भएको समयदेखि सुरु हुनेगरी यो संवत्को गणना गरिन्छ। उनोक मृत्यु भएपछि कलियुग सुरु भएको मान्यता राखिन्छ।

**कलियुग संवत्** : कलियुग सुरु भएको सम्झनामा सुरु भएको संवत् कलि संवत् हो। महाभारतका योद्धा युधिष्ठिरको निधनको समयदेखि नै यो संवत् पनि सुरु भएको मानिन्छ।

**कल्की संवत्** : कल्कीको जन्म भएपछिको संवत्लाई यो संवत् मानिन्छ। तर यो संवत्को सुरुवात बारे प्रष्ट जानकारीहरु सार्वजनिक भएका छैनन्।

**सप्तर्षि संवत्** : सप्तर्षि संवत् सृष्टि सुरु भएदेखि अस्तित्वमा आएको भन्ने मान्यता कतै छ भने महाभारत सुरुहुनुभन्दा पहिलेको चलनचल्तीको संवत् मान्ने अर्को मान्यता छ। तर यसको सुरुवात भने आजभन्दा ५ हजार वर्ष भन्दा अघि भएको मानिन्छ। पुरातन समयमा सप्तर्षि संवत् भारत मात्र नभई विदेशमा पनि प्रयोग गरिन्थ्यो भन्ने कुरा केही पुराणहरूमा उल्लेख छ। सप्तर्षि संवत्को प्रमाण पुराण, महाभारत, राजतरंगिणी, प्रसिद्ध श्रीलंका महावंश आदिमा पाइन्छ।

**बौद्ध संवत्** : भगवान् गौतम बुद्धको समयदेखि सुरु भएको संवत्लाई बुद्ध संवत् वा बौद्ध संवत् भन्ने गरिन्छ।

**मलयकेतु** : भारतका राजा मलय केतुले सुरु गरेको संवत् मलय केतु संवत् हे। यो आजभन्दा २३३३ वर्ष पहिलेदेखि सुरु भएको थियो। मलय केतु सम्राट चन्द्रगुप्तका सुरुवाती सल्लाहकार थिए। अलेक्जेन्डरका सेनाले आफ्नो राज्ऱ्यमा आक्रमण गरेपछि उनले चन्द्रगुप्तलाई सहयोग गर्ने निर्णय गरेका थिए।

**श्रीशंकराचार्य संवत** : आदि शंकराचार्यको नामबाट चलाइएको यो संवत्को अहिलेसम्रुम २३०० वर्ष नाघिसकेको छ।

**शालिवाहन संवत्** : भारतीय शासक शालीवाहनले चलाएको यो संवत् केही समय धेरैतिर अस्तित्वमा रहे पनि अहिले यो केवल गणनामा मात्रै सीमित छ। यसलाई प्रयोगमा खासै ल्याएको पाइँदैन।

**वीर निर्वाण संवत्**ः वर्द्धमान महावीरको समयदेखि सुरु भएको यो संवत् बुद्ध संवत्को समकालीन रहेको पाइन्छ।

**विक्रम संवत** : राजा विक्रमादित्यले सुरु गरेको यो संवत् नेपालमा सरकारी कामकाजमा समेत प्रयोग हुने संवत्को रूपमा रहेको छ।

**किराँत संवत्** : किराँत क्यालेण्डर अनुसार सुरु भएको यो संवत् अहिले पनि चलन चल्तीमा रहेको संत् हो।

**ईस्वी सन्** : विश्वमा सबैभन्दा धेरै चलनचल्तीमा रहेको संवत् हो इस्वी संवत्। इसाई धर्मका प्रवर्तक जिसस क्राइस्टको मृत्युपछि सुरु भएको यो संवत् विक्रम संवत् भन्दा ५७ वर्ष पछि सुरु भएको हो।

**नेपाल संवत्** : राजा उदयदेवको पालामा सुरु भएको नेपाल संवत् नेपालको मौलिक संवत् हो। यो संवत् सँगै नेपाली इतिहासमा मध्यकाल सुरु भएको मानिन्छ। यो कात्तिक महिनामा सुरु हुन्छ र यो चान्द्रमास अनुसार गणना हुने संवत् हो।

**तमु संवत्**ः तमु संवत् गुरुङ जातिले मनाउने संवत् हो। यो अहिलेसम्म पनि प्रचलनमा छ।

**सोनाम संवत्** : सोनाम संवत् तामाङहरूको विशेष संवत् हो। उनीहरूले पनि आफ्नो धार्मिक गतिविधि यही संवत्को आधारमा गर्ने गर्छन्।

**हिजरी सन्** : हिजरी संवत् नेपालका मुस्लिम धर्म मान्ने जो कोहीले पनि मनाउने गर्छन्। उनीहरूको हरेक धार्मिक क्रियाकलाप अहिले पनि यही संवत्को आधारमा हुन् गर्छ।

यि बाहेक पनि संसार भरि विभिन्न सम्वत्‌हरु अभ्यासमा रहेका छन्। विभिन्न भुगोल, देश, समुदायमा पनि आ आफ्ने विशिष्ट महत्व रहेका सम्वत्‌हरु मान्ने चलन रहेको छ।

*(विभिन्न श्रोतहरुबाट संकलित)*


नयाँ बर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

**नव वर्ष २०८३** सालको शुभ अवसरमा सम्पूर्ण व्यवसायी तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनी एवम् शुभेच्छुकहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं।

**तिलक डाँगी**
(अध्यक्ष)

**ग्यास डिलर व्यवसायी संघ**
दमक नगर समिति (झापा)

नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

**नव वर्ष २०८३** सालको शुभ अवसरमा विद्यार्थी, शिक्षक, अभिभावक, कर्मचारी तथा शिक्षाप्रेमी महानुभावहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं।

**एम.के. बेघा**
(फाउण्डर)

**शिखरज्योति इङ्लिस स्कूल परिवार**
दमक–झापा

नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

**नव वर्ष २०८३** सालको शुभ अवसरमा सम्पूर्ण ग्राहक तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनी एवम् शुभेच्छुकहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं।

**सगरमाथा पेट्रोल पम्प परिवार**
दमक–५, झापा

नयाँ बर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

**नव वर्ष २०८३** साथै किराँतीहरुको उभौली साकेला पर्वको शुभ अवसरमा सम्पूर्ण देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनी तथा शुभेच्छुकहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं।

**महेन्द्र चाम्लिङ**
(अध्यक्ष)

**किरात राई चाम्लिङ खाम्बातिम**
दमक नगर समिति (झापा)

नयाँ बर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

**नव वर्ष २०८३** सालको शुभ अवसरमा सम्पूर्ण व्यवसायी तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनी एवम् शुभेच्छुकहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं।

**काशी खाती**
(अध्यक्ष)

**सुन चाँदी व्यवसायी संघ**
दमक नगर समिति परिवार (झापा)

नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

**नव वर्ष २०८३** सालको शुभ अवसरमा सम्पूर्ण शेयर सदस्य, सहकारीकर्मी, शुभचिन्तक, एवम् नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**कञ्चनजंघा बहुउद्धेश्यीय सहकारी संस्था लि. परिवार**
दमक–झापा

नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको सुखद अवसरमा सम्पूर्ण नगरबासी दाजुभाईं, दिदीबहिनीहरुमा सुख–शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको लागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**जनहितमा जारी सन्देश**

- आफ्नो वडा टोलहरू सफा राखौं ।
- आगलागीका सम्भावित दुर्घटनाबाट बचौं ।
- बालबालिकालाई शिक्षाबाट बञ्चित नगराऔं । यदि सहयोगापेक्षि बालबालिका भए वडा कार्यालयमा सम्पर्क राखौं ।
- बाटामा ढुंगा, गिटी थुपारेर यातायातमा अवरोध नपुऱ्याऔं ।
- निःशुल्क र गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गराऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौं ।

**हरिप्रसाद न्यौपाने** : वडा अध्यक्ष
**तारा खप्तरी** : सदस्य
**नबिना मोहोरा** : सदस्य
**रघुवीर बुढाथोकी** : सदस्य
**राजकर्ण राई** : सदस्य

**१ नं. वडा कार्यालय**
**दमक नगरपालिका**
दमक–झापा

नयाँ बर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

**नव वर्ष २०८३** सालको शुभ अवसरमा सम्पूर्ण ग्राहक तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनी एवम् शुभेच्छुकहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं।

**प्रो. बाबुराजा श्रेष्ठ**

**बाबुराजा किराना पसल**
गौरीगञ्ज–८, झापा

नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

**नव वर्ष २०८३** सालको शुभ अवसरमा सम्पूर्ण शेयर सदस्य, सहकारीकर्मी, शुभचिन्तक, एवम् नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं।

**बुद्धिसागर बराल** (अध्यक्ष)
**कमल कुमार घिमिरे** (न्यवस्थापक)

**स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
दमक, झापा


## दैनिक राशिफल

आज मिति
२०८३ साल
वैशाख ०१ गते
मंगलबार
14 April 2026
तिथि: द्वादशी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

**मेष** (चु चे लो ला लि लँ ले लो अ): विपरीतलीङ्गीबाट सहयोग । विशेष धन लाभ ।

**वृष** (इ उ ए ओ वा वि वु वे वो): मावलीबाट सहयोग । अरुदिनको भन्दा आज आयमा वृद्धि ।

**मिथुन** (का कि कु घ ङ छ के को हा): सन्तानबाट सहयोग, पढाईमा रुचि । लगानी उठ्ने वा व्यापारबाट धन लाभ ।

**कर्कट** (हि हु हे हो डा डि डु डे डो): पारिवारिक सदभाव बढ्ने । आज धन लाभका दिन ।

**सिंह** (मा मि मु मे मो टा टि टु टे): भाईबहिनीबाट सहयोग । पराक्रम बढ्ने, आम्दानी बढ्ने ।

**कन्या** (टो प पी पँ ष ण ठ पे पो): धन जम्मा गर्ने दिन । उत्तम भोजन ।

**तुला** (रा री रु रे रो ता ती तु ते): पश्चिम दिशाको कारोबारमा लाभ । मनमा शान्ति, धर्ममा रुचि ।

**वृश्चिक** (तो ना नि नँ ने नो या यि यु): शुभकार्यमा रुचि । सामान्य मनमा अशान्ति ।

**धनु** (य यो भा भी भ धा फा ढ भे): वैदेशिक कार्यबाट लाभ । कारोबारबाट धन लाभ ।

**मकर** (भो जा जी खि खू खे खो गा गी): माता, पिताबाट सहयोग । कार्यमा सफलता ।

**कुम्भ** (गँ गे गो सा सी सँ से सो द): सामान्य लाभ । पूण्यकर्म गर्न मन लाग्ने ।

**मीन** (दि दु थ झ ञ दे दो चा ची): मनमा अशान्ति । व्यवसायबाट सामान्य लाभ ।

# छात्रवृत्ति विवरण सार्वजनिक गर्न विद्यालयलाई निर्देशन

दमक/ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी तथा सार्वजनिक विद्यालयलाई नियमबमोजिम प्रदान गरिएका छात्रवृत्ति विवरण सार्वजनिक गर्न निर्देशन दिएको छ । मन्त्रालयले सोमबार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गर्दै शिक्षा ऐन र नियमावली बमोजिम निजी तथा सार्वजनिक विद्यालयले विद्यार्थी सत्त्याका आधारमा तोकिए बमोजिम १० प्रतिशत छात्रवृत्ति प्रदान गरेको छात्रवृत्तिको विवरण अध्यावधिक गरेरनगरेको सम्बन्धमा अनुगमन र सहजीकरण गर्न स्थानीय तहलाई अनुरोधसमेत गरेको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा उल्लेख भएअनुसार निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालनमा रहेका विद्यालयले विद्यार्थी सत्त्याका आधारमा तोकिए बमोजिमका विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।

शिक्षा नियमावली, २०५९ मा संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशतमा नघटाई गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ भन्ने व्यवस्था गरेको छ ।

सोही व्यवस्थाअनुरूप सम्पूर्ण विद्यालयहरूले तोकिएबमोजिम छात्रवृत्ति प्रदान गर्न निर्धारित विधिबाट छनौट भई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामावली तत्काल अध्यावधिक गर्न मन्त्रालयले आग्रह गरेको हो । यसैगरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण सम्पूर्ण अभिभावकले देख्ने सुनिश्चित हुने गरी विद्यालयले सार्वजनिक गर्ने तथा विद्यालयले प्रदान गरेको छात्रवृत्तिको विवरण अध्यावधिक गरे/नगरेको अनुगमन गरी नगर्ने विद्यालयलाई तत्काल अद्यावधिक गर्न लगाउन आग्रह गरिएको छ ।

साथै नियमानुसार छात्रवृत्ति प्रदान नगर्ने विद्यालयलाई कानुनबमोजिम आवश्यक कारबाही गर्न सम्पूर्ण स्थानीय तहहरूलाई समन्वय एवं सहजीकरणका लागि अनुरोधसमेत गरेको छ ।

# हंगेरीमा १६ वर्षे एकछत्र शासनको अन्त्य

**एजेन्सी/** हंगेरीमा विगत १६ वर्षदेखि एकछत्र शासन गरिरहेका प्रधानमन्त्री भिक्टर ओर्बानको सत्ताको अन्त्य भएको छ । आइतबार सम्पन्न आम निर्वाचनमा आम मतदाताले ओर्बानको अनुदारवादी सरकारलाई पूर्ण रूपमा अस्वीकार गर्दै विपक्षी तिज्जा पार्टीलाई ऐतिहासिक जित दिलाएका छन् ।

ओर्बानले बुडापेस्टस्थित आफ्नो चुनावी मुख्यालयबाट हार स्वीकार गर्दै विपक्षी नेता पिटर मग्यारलाई बधाई दिएका छन् । यसपटकको निर्वाचनमा साम्यवादको पतनपछिकै सबैभन्दा उच्च झन्डै ८० प्रतिशत मतदान भएको छ ।१९९ सदस्यीय संसदमा पिटर मग्यारको तिज्जा पार्टीले १३८ सिट जितेर दुई-तिहाइ बहुमत प्राप्त गरेको छ भने ओर्बानको फिडेज पार्टी ५५ सिटमा खुम्चिएको छ ।

ओर्बानको बर्हिगमनसँगै हंगेरीमा रहेका चिनियाँ लगानीकर्ताहरूमा भने ठूलो संशय र चिन्ता पैदा भएको छ । ओर्बानको शासनकालमा हंगेरीले अर्बौं डलरको चिनियाँ लगानी भित्र्याएको थियो, जसमा देब्रेचेनमा निर्माणाधीन विशाल ब्याट्री कारखाना मुख्य छ । स्थानीयस्तरमा 'चिनियाँहरू घर फर्क' जस्ता नारासहित विरोध भइरहेका बेला नयाँ युरोपमैत्री सरकार आउनाले पुराना सम्झौताहरू खारेज हुन सक्ने डर चिनियाँ व्यवसायीहरूले व्यक्त गरेका छन् ।ओर्बानको वैदेशिक नीति चीन, रूस र डोनल्ड ट्रम्पको अमेरिकातिर ढल्किएको थियो, जसलाई मतदाताहरूले यसपटक कडा जवाफ दिएका छन् ।

## धरानको नयाँ बसपार्क सञ्चालनको तयारीमा

**धरान/** लामो समयदेखि कानुनी विवादका कारण रोकिँदै आएको धरानको नयाँ बसपार्क अब सञ्चालनमा आउने तयारीमा पुगेको छ । कार्यवाहक नगर प्रमुख अइन्द्रविक्रम बेघाका अनुसार कार्यपालिकाबाट पास भएको कार्यविधि नगरसभाले अनुमोदन गरेपछि वैशाख १५ भित्र बसपार्क उद्घाटन गरिनेछ ।

बसपार्क निर्माणसँग जोडिएको मुद्दा सर्वोच्च अदालतले उपमहानगरपालिकाको पक्षमा फैसला गरिसकेको छ । यससँगै बाँकी प्रशासनिक प्रक्रिया पूरा गरी सञ्चालनको तयारी तीव्र पारिएको छ ।

यातायात व्यवसायीहरूले भने तत्काल स्थानान्तरण गर्न चुनौती देखिएको बताएका छन्। राष्ट्रिय यातायात व्यवसायी महासङ्घका कोशी प्रदेश संयोजक सरोज श्रेष्ठका अनुसार यात्रुको पहुँच, पूर्वाधार र व्यवस्थापन स्पष्ट नभएसम्म पूर्ण रूपमा सार्न कठिन हुनसक्छ ।

# भन्सार छलीको सामानसहित दुई अटो नियन्त्रणमा

**विराटनगर/** भन्सार छलेर भित्र्याइएको अवैध कपडा तथा अन्य सामग्रीसहित दुईवटा अटो टेम्पो मोरङ प्रहरीले नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार विशेष सूचनाको आधारमा खटिएको टोलीले विराटनगर महानगर पालिका-६ क्षेत्रमा जाँच गर्ने क्रममा को २ ह ३२४५ र को २ ह ३५८९ नम्बरका अटो नियन्त्रणमा लिएको हो।

जाँचका क्रममा करिब ३ लाख रूपैयाँ बराबरका विभिन्न सामग्री बरामद गरिएको प्रहरीले जनाएको छ। बरामद सामानमा कुर्ता-सुरुवाल, सल सेट, कुर्ता-टप, कुर्ता, पुरूष हाफ भेष्ट, लेडिज कर्ट सेट, पर्ता, सुरुवाल, तुनावाला हाफ कुर्ती, महिलाका मेक्सी लगायत रहेका छन्। यस्तै, तीन बोरामा करिब सय केजी हरियो मोटर दाना पनि फेला परेको छ। आइतबार दिउँसो र राति ती सामान प्रहरीले नियन्त्रणमा लिएको हो । प्रहरी प्रवक्ता लिलाराज लामिछानेका अनुसार बरामद गरिएका सबै सामग्री आवश्यक कार बाहीका लागि विराटनगर भन्सार कार्यालयमा बुझाइएको छ ।

***राष्ट्रिय....*** रहेको थियो । सहभागिहरूले २०८२ को विदाई संगै नयाँ वर्ष २०८३ ले सहकारीको वृद्धिविकासमा योगदान पुर्‍याउने शुभकामना दिएका थिए । संस्थाले बर्षेनी नयाँ वर्षका अवसरमा शुभकामना आदानप्रदान सहित गतिविधिमूलक भित्तेपात्रो प्रकाशित गरिआएको छ ।

***नयाँ.....*** संस्कृति पार्टीकी रूबी कुमारी ठाकुर निर्वाचित भएकी छन् ।

**पुराना लागे पाखा**

२०८२ को प्रतिनिधी सभा निर्वाचनले पुराना दल र नेताहरूलाई पाखा लगाई दिएको छ । उनीहरू जनमतबाट मात्र पाखा परेनन् जेनजी आन्दोलनका क्रममा दमन गरेको भनि छानविन आयोगले सिफारिस गरे पछि हिरासत समेत बस्नु पर्‍यो । तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालिन गृहमन्त्री रमेश लेखकलाई सरकार गठन भए लगत्तै सरकारले पक्राउ गर्‍यो र हिरासतमा राखेर अनुसन्धान गर्‍यो तर उनीहरू अदालतको आदेशबाट छुटि सकेका छन् । तत्कालिन सरकारको प्रमुख साझेदार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको हातमा त सरकार, संसद र पार्टी केहि पनि रहेन । उनी विशेष महाधिवेशनबाट पार्टीको सत्ताबाट पाखा लागे भने जनमतबाट उनको शक्ति पनि किनाराकृत भयो । उनी अझै पनि विदेशमा छन् । उनी पनि छानविनमा तानिने भएकाले उनी विदेशबाटै कानूनी परामर्शमा रहेको पनि सार्वजनिक भई रहेको छ ।

यसरी समग्रमा हेर्दा राजनीतिक रूपमा २०८२ साल सुनामीको साल बनेर विदा भएको छ । तर यसले पुराना दलहरूलाई किनारामा मात्र धकेलेन नयाँ अनुहार र शक्तिलाई जिम्मेवारी पनि छोडेर गएको छ । जनमतबाट अभिव्यक्त अपेक्षा २०८३ मा पूरा गराउनु अहिलेको सरकारको जिम्मेवारी पनि हो ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
झापाली इटा
बजारमा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

नव वर्ष २०८३
को हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण सेवाग्राही, देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनी तथा शुभेच्छुकहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
चन्द्र थापा (सचिव)
कृष्ण थापा (व्यवस्थापक)
रवि न्यौपाने (खत्री) (अध्यक्ष)
दमक खानेपानी तथा उपभोक्ता संस्था
दमक-झापा

नयाँ बर्ष २०८३ को हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०८३ सालको शुभ अवसरमा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी एवम् शुभेच्छुकहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।
केन्द्र प्रसाई
दमक-झापा

नव वर्ष २०८३
को हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८३ सालको शुभ अवसरमा विद्यार्थी, शिक्षक, अभिभावक, कर्मचारी तथा शिक्षाप्रेमी महानुभावहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
बोधप्रसाद घिमिरे (अध्यक्ष)
रघुनाथ भट्टराई (प्रधानाध्यापक)
दुकुरपानी माध्यमिक विद्यालय परिवार
दमक-झापा

नव वर्ष २०८३
को हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८३ सालको शुभ अवसरमा विद्यार्थी, शिक्षक, अभिभावक, कर्मचारी तथा शिक्षाप्रेमी महानुभावहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
एल.डी सोताङ राई (प्रिन्सिपल)
इर्ष्टन स्टार बोर्डिङ्ग स्कूल परिवार
दमक-७, झापा

नयाँ बर्ष २०८३ को हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण व्यवसायी तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनी एवम् शुभेच्छुकहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
राम रिमाल (अध्यक्ष)
होलसेल व्यवसायी संघ
दमक नगर समिति परिवार (झापा)

नव वर्ष २०८३
को हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८३ सालको शुभ अवसरमा राजनीतिकर्मी, सामाजिक व्यक्तित्व, पार्टीका मित्रहरू, शुभेच्छुक तथा देश-विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।
राजकुमार योङ्या (जिल्ला उपाध्यक्ष)
राष्ट्रिय प्रजातन्त्र पार्टी
जिल्ला समिति (झापा)

राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं ।
"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"
♦ आर्थिक गणना किन: देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्याङ्क प्राप्त गर्न,
♦ गणना अवधि: २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,
♦ कसलाई समेट्ने: सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू ।
तथ्याङ्क ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ।
सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२. प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल